मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १६ गते सोमबार ❑ 30 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## अध्यक्ष ओली र नेता लेखकलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

**रासस**
काठमाडौं, १५ चैत





जिल्ला अदालत काठमाडौँले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेस नेता रमेश लेखकलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले आइतबार पाँच दिन म्याद थपको अनुमति दिएको अदालतका स्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिनुभयो । "प्रस्तुत मुद्दामा प्रतिवादीहरूको बयान गर्न, बुझ्नुपर्ने मानिसहरूको घटना विवरण कागज गर्न तथा मिति २०८२/०५/२३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन अध्ययन विश्लेषण गर्नेलगायतको प्रयोजनका लागि प्रतिवादीहरूलाई प्रहरी हिरासतमा राख अनुमति माग गरेको देखिन्छ, आदेशमा भनिएको छ, "अनुमति माग गरेको व्यहोरा मनासिव देखिँदा प्रतिवादीहरू केपी शर्मा ओली र रमेश लेखकलाई प्रहरी हिरासतमा राखी उपरोक्त लेखिएबमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (६) बमोजिम ५ (पाँच) दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ।" आदेशमा एमाले अध्यक्ष ओली अस्वस्थ भई उपचारार्थ अस्पतालमा रहेको भन्नेसमेत देखिँदा निजको प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न भनिएको छ । सरकारी वकिलले अध्यक्ष ओली र नेता लेखकलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन माग गरेको थियो ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बेला एमाले अध्यक्ष ओली प्रधानमन्त्री र कांग्रेस नेता लेखक गृहमन्त्री हुनुहुन्थ्यो । उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले अध्यक्ष ओली र नेता लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो ।

सो सिफारिसका आधारमा जरुरी पक्राउ पुर्जी जारी गरेर शनिबार बिहान पक्राउ गरिएको थियो । अध्यक्ष ओली बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमार्फत 'भर्चुअल' उपस्थित हुनुभएको थियो भने नेता लेखक आफैँ उपस्थित हुनुभएको थियो ।

## पूर्वमन्त्री खड्कालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति

**रासस**
काठमाडौं, १५ चैत



जिल्ला अदालत काठमाडौँले नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री दीपक खड्कालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

आइतबार बिहान पक्राउ परेका नेता खड्कालाई म्याद थपका लागि अदालत उपस्थित गराइएको थियो।

अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार अदालतले सम्पत्ति शुद्धीकरण 'मनि लाउण्डरिङ' निवारण ऐन, २०६४ को दफा १७ (४) बमोजिम आइतबारदेखि लागू हुने गरी ७ (सात) दिनको म्याद थपको अनुमति प्रदान गरेको हो। सम्पत्ति शुद्धीकरण कसुरको जाँचबुझ अनुसन्धानका सिलसिलामा पक्राउ परेका खड्काको आज बयान कार्य सुरु भए पनि निजविरुद्ध प्रमाणहरू बुझ्ने तथा बयान गराउनेलगायत अनुसन्धानसम्बन्धी कार्य बाँकी नै रहेकाले सो प्रयोजनको लागि प्रतिवादीलाई हिरासतमा राख्न अनुमति दिएको हो । आदेशमा भनिएको छ, "सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुमति माग गरेको र अनुमति माग गरेको बेहोरा मनासिव देखिँदा निज प्रतिवादी दीपक खड्कालाई हिरासतमा राखी उपयुक्त लेखिएबमोजिमका कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा १७ (४) बमोजिम मिति २०८२।१२।१५ गतेदेखि लागू हुने गरी ७ (सात) दिनको म्याद थपको अनुमती प्रदान गरिदिएको छ ।" नेता खड्काको घरमा जलेको अवस्थामा भेटिएको रकमको विषयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरिरहेको छ।

विभागले खड्काको घरबाट जलेका नोटका केही टुक्रा र वरपरबाट खरानी सङ्कलनसमेत गरेको थियो।

## एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज र केही पुन:संरचना सिफारिस

**रासस**
काठमाडौं, १५ चैत

पोखरा, लुम्बिनी र चितवनलाई समेटेर एकिकृत पर्यटकीय गतिविधि अगाडि बढाउने विषयमा आइतबार पोखरामा छलफल गरिएको छ।

होटल संघ पोखरा नेपालले नेपाल पर्यटन बोर्ड गण्डकीसँगको सहकार्यमा आइतबार पोखरामा आयोजना गरेको कार्यक्रममा लुम्बिनी प्रद्रेशका संचारकर्मीसँग गरेको अन्तरसम्बाद कार्यक्रमा उक्त विषय उठान गरिएको हो । उल्लेखित तीन क्षेत्रलाई समेटेर सिल्भर ट्र्याङ्गलको अवधारणा अन्तर्गत पर्यटन प्रबर्द्धन गर्न सकिने विषय सो अवसरमा उठान गरिएको थियो । विगतमा काठमाडौं, चितवन र पोखरालाई समेटेर गोल्डेन ट्र्याङ्गलको चर्चा हुने गरेको स्मरण गराउँदै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा, लुम्बिनी र चितवनलाई सिल्भर ट्र्याङ्गलको रुपमा अगाडि बढाउन सकिने बताए । पोखरा पर्यटनको राजधानी भएका कारण मुख्य हवको रुपमा विकास गरी लुम्बिनी र चितवनलाई समेत समेटेर पर्यटन तथा व्यवसायिक आदानप्रदान र पबर्द्धनका गतिविधि संचालन गर्न सकिने सुझाव लामिछानेले राखे ।

होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले १० बर्षे द्वन्द्वकालमा पोखरा आउने पर्यटक संख्यामा उल्लेख्य गिरावट आएपछि आन्तरिक पर्यटक प्रबर्द्धनस्वरुप जाउँ है पोखरा अभियान सुरु गरिएको जानकारी दिए । सो अवसरमा पराजुलीले सिल्भर ट्र्याङ्गलको अवधारणा पर्यटन प्रबर्द्धनका लागि प्रभावकारी हुन सक्ने भनाई राखे । बुटवल र पोखरा जोड्ने मार्गलाई फाष्ट ट्र्याकका रुपमा विकास गर्न सके पोखरा र लुम्बिनीको पर्यटनमा सकारात्मक प्रभाव पर्ने भनाई पनि उनले राखे ।

संघले हालै मात्र पूर्वी नेपालमा पाँच दिने जाउँ है पोखरा अभियान सम्पन्न गरेको र सोही सन्दर्भमा पश्चिम नेपाललाई समेत समेट्ने गरी लुम्बिनी क्षेत्रका संचारकर्मीसँग यो अन्तरक्रिया आयोजना गरको हो । सो अवसरमा बोल्दै संघका अध्यक्ष लक्ष्मण सुवेदीले आफूहरुले विगतमा पश्चिम नेपालमा समेत यस्तो अभियान संचालन गरेको स्मरण गराउँदै लुम्बिनी क्षेत्रका संचारकर्मी स्वयं पोखरामा उपस्थित हुनु सुखद पक्ष भएको बताए । यही चैत २९ देखि आगामी बैशाख १ गतेसम्म पोखरामा संचालन हुने २१ औं फेवा नवबर्ष महोत्सवमा आउने पाहुनालाई संघ अन्तर्गतका होटलले भारि छुट प्रदान गर्ने पनि उनले सो अवसरमा बताए । बुद्ध जन्मस्थलको रुपमा लुम्बिनी विश्वप्रसिद्ध रहेको बताउँदै अध्यक्ष सुवेदीले पोखराका पर्यटकीय सम्पदाका बारेमा चर्चा गरेका थिए ।

सो अवसरमा लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी र पोखरा महानगरपालिका व्यवसाय प्रबर्द्धन केन्द्र पोखराका प्रमुख नबराज अधिकारीले पनि भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका कोषाध्यक्ष नेत्रप्रसाद पौडेलले गरेका थिए ।

## पर्यटन प्रवर्द्धनका लागि सिल्भर ट्र्याङ्गलको अवधारणा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

पोखरा, लुम्बिनी र चितवनलाई समेटेर एकिकृत पर्यटकीय गतिविधि अगाडि बढाउने विषयमा आइतबार पोखरामा छलफल गरिएको छ।

होटल संघ पोखरा नेपालले नेपाल पर्यटन बोर्ड गण्डकीसँगको सहकार्यमा आइतबार पोखरामा आयोजना गरेको कार्यक्रममा लुम्बिनी प्रद्रेशका संचारकर्मीसँग गरेको अन्तरसम्बाद कार्यक्रमा उक्त विषय उठान गरिएको हो । उल्लेखित तीन क्षेत्रलाई समेटेर सिल्भर ट्र्याङ्गलको अवधारणा अन्तर्गत पर्यटन प्रबर्द्धन गर्न सकिने विषय सो अवसरमा उठान गरिएको थियो । विगतमा काठमाडौं, चितवन र पोखरालाई समेटेर गोल्डेन ट्र्याङ्गलको चर्चा हुने गरेको स्मरण गराउँदै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा, लुम्बिनी र चितवनलाई सिल्भर ट्र्याङ्गलको रुपमा अगाडि बढाउन सकिने बताए ।

पोखरा पर्यटनको राजधानी भएका कारण मुख्य हवको रुपमा विकास गरी लुम्बिनी र चितवनलाई समेत समेटेर पर्यटन तथा व्यवसायिक आदानप्रदान र पबर्द्धनका गतिविधि संचालन गर्न सकिने सुझाव लामिछानेले राखे ।

होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले १० बर्षे द्वन्द्वकालमा पोखरा आउने पर्यटक संख्यामा उल्लेख्य गिरावट आएपछि आन्तरिक पर्यटक प्रबर्द्धनस्वरुप जाउँ है पोखरा अभियान सुरु गरिएको जानकारी दिए । सो अवसरमा पराजुलीले सिल्भर ट्र्याङ्गलको अवधारणा पर्यटन प्रबर्द्धनका लागि प्रभावकारी हुन सक्ने भनाई राखे । बुटवल र पोखरा जोड्ने मार्गलाई फाष्ट ट्र्याकका रुपमा विकास गर्न सके पोखरा र लुम्बिनीको पर्यटनमा सकारात्मक प्रभाव पर्ने भनाई पनि उनले राखे ।

संघले हालै मात्र पूर्वी नेपालमा पाँच दिने जाउँ है पोखरा अभियान सम्पन्न गरेको र सोही सन्दर्भमा पश्चिम नेपाललाई समेत समेट्ने गरी लुम्बिनी क्षेत्रका संचारकर्मीसँग यो अन्तरक्रिया आयोजना गरको हो । सो अवसरमा बोल्दै संघका अध्यक्ष लक्ष्मण सुवेदीले आफूहरुले विगतमा पश्चिम नेपालमा समेत यस्तो अभियान संचालन गरेको स्मरण गराउँदै लुम्बिनी क्षेत्रका संचारकर्मी स्वयं पोखरामा उपस्थित हुनु सुखद पक्ष भएको बताए । यही चैत २९ देखि आगामी बैशाख १ गतेसम्म पोखरामा संचालन हुने २१ औं फेवा नवबर्ष महोत्सवमा आउने पाहुनालाई संघ अन्तर्गतका होटलले भारि छुट प्रदान गर्ने पनि उनले सो अवसरमा बताए ।

बुद्ध जन्मस्थलको रुपमा लुम्बिनी विश्वप्रसिद्ध रहेको बताउँदै अध्यक्ष सुवेदीले पोखराका पर्यटकीय सम्पदाका बारेमा चर्चा गरेका थिए ।

सो अवसरमा लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी र पोखरा महानगरपालिका व्यवसाय प्रबर्द्धन केन्द्र पोखराका प्रमुख नबराज अधिकारीले पनि भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका कोषाध्यक्ष नेत्रप्रसाद पौडेलले गरेका थिए ।

## सरकारका नीतिगत सुधारप्रति उद्योग परिसंघको स्वागत, निजी क्षेत्रसँग सहकार्यमा जोड

**रासस**
काठमाडौं, १५ चैत

नवगठित सरकारले पुराना तथा असान्दर्भिक कानुन खारेज गर्ने प्रक्रिया सुरु गरेको तथा नीतिगत सुधारतर्फ अघि बढेकोप्रति नेपाल उद्योग परिसङ्घ (सिएनआई) ले सकारात्मक प्रतिक्रिया दिएको छ।

परिसङ्घले आइतबार प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सरकारले विगतदेखि निजी क्षेत्रबाट उठाइएका सुझावहरूलाई कार्यान्वयनमा प्राथमिकता दिएको उल्लेख गरेको छ । परिसङ्घका अनुसार उत्पादन तथा सेवा क्षेत्रमा क्रियाशील उद्योगहरूको प्रतिनिधित्व गर्ने संस्थाले लामो समयदेखि कानुनी तथा संरचनागत सुधारको आवश्यकता औंल्याउँदै आएको थियो। नयाँ सरकारले ती सुझावलाई सम्बोधन गर्ने सङ्केत देखाएको भन्दै परिसङ्घले सन्तोष व्यक्त गरेको छ । साथै, सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणलाई सरकारको मुख्य 'एजेन्डा' बनाइएकोप्रति पनि सकारात्मक अपेक्षा व्यक्त गरिएको छ। परिसङ्घले विदेशमा लगानीमा रोक लगाउने ऐन, क्षतिपूर्ति ऐन, कालोबजार तथा सामाजिक अपराधसम्बन्धी केही ऐन, नेपाल एजेन्सी ऐनजस्ता कानुन खारेज गर्ने प्रक्रिया थाल्ने निर्णयलाई स्वागतयोग्य भनेको छ। यस्तै, राजस्व अनुसन्धान विभाग खारेज गर्ने कदमलाई पनि सुधारमुखी पहलका रूपमा लिएको छ । सरकारले सार्वजनिक सेवा प्रवाहलाई 'डिजिटल', एकद्वार तथा अन्तर आबद्ध प्रणालीमा रूपान्तरण गर्ने, पारदर्शिता र जवाफदेहितामा वृद्धि गर्ने तथा ठूला राष्ट्रिय आयोजना छिटो र गुणस्तरीय रूपमा सम्पन्न गर्न प्रक्रियाहरू 'फास्ट ट्र्याक'मा लैजाने लक्ष्य लिएको छ । यसअन्तर्गत जग्गा अधिग्रहण, मुआब्जा निर्धारण, रूख कटान तथा वातावरणीय प्रभाव मूल्याङ्कनजस्ता प्रक्रियामा सहजता ल्याउने तयारीलाई परिसङ्घले सकारात्मक रूपमा लिएको विज्ञप्तिमार्फत जनाएको छ। त्यसैगरी, सार्वजनिक खरिद प्रणालीलाई पूर्ण डिजिटल र ट्र्याकिङयोग्य बनाउने, प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने तथा निजी क्षेत्रको सुरक्षामा विशेष ध्यान दिने विषयलाई पनि परिसङ्घले महत्वपूर्ण भनेको छ। उद्योग, बैङ्किङ पूर्वाधार तथा आपूर्ति शृखलाको सुरक्षाका लागि विशेष सुरक्षा व्यवस्था गर्ने सरकारको योजना पनि स्वागतयोग्य रहेको जनाइएको छ । परिसङ्घले प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उद्योग-वाणिज्य संवाद परिषद्लाई सक्रिय बनाउँदै निजी क्षेत्रसँग निरन्तर संवाद कायम गर्नुपर्नेमा जोड दिएको छ । साथै, कर प्रशासन स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, करदातामैत्री सेवा विस्तार गर्ने, निजी क्षेत्र प्रवर्द्धन रणनीति कार्यान्वयन गर्ने तथा ऊर्जा क्षेत्रमा विद्युत् खरिद सम्झौता अगाडि बढाउने जस्ता योजनालाई पनि महत्वपूर्ण मानिएको छ। यस्तै, समान प्रकृतिका कोषहरूको एकीकरण गर्दै उच्च प्रतिफलयुक्त परियोजनामा लगानी गर्ने, नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने तथा प्रमुख खाद्यान्न बालीका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया सुरु गर्ने विषयलाई पनि परिसङ्घले सकारात्मक पहलका रूपमा व्याख्या गरेको छ। परिसङ्घले सबै राजनीतिक दललाई आर्थिक 'एजेन्डा'मा केन्द्रित हुन आग्रह गर्दै आएको पनि स्मरण गराएको छ । सरकारले विभिन्न दलका घोषणापत्र तथा प्रतिबद्धताहरूलाई समेटेर 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने तयारी गरेको उल्लेख गर्दै त्यसलाई समग्र आर्थिक विकासमुखी बनाउनुपर्ने धारणा राखिएको छ । परिसङ्घले अनुसन्धानमा आधारित सुझावमार्फत सरकारलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउँदै नयाँ लगानी, रोजगारी सिर्जना र उत्पादनमूलक उद्योग विस्तारमार्फत मुलुकको आर्थिक विकासले नयाँ गति लिने विश्वाससमेत व्यक्त गरेको छ।

## 'ब्रिज कोर्स'का नाममा हुने कार्यक्रम बन्द गर्न सरकारको अनुरोध

**रासस**
काठमाडौं, १५ चैत

सरकारले 'ब्रिज कोर्स'का नाममा हुने विभिन्न कार्यक्रम बन्द गर्न अनुरोध गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना लक्षित प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिज कोर्सका नाममा हुने विभिन्न कार्यक्रम बन्द गर्न अनुरोध गरेको हो ।

मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्न जाने देखिएको जनाउँदै आगामी वैशाख १ गतेदेखि पूर्ण रूपमा कार्यक्रम बन्द गर्न सम्बन्धित संस्थाहरूलाई अनुरोध गरेको हो । मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "यस मन्त्रालयको माननीय मन्त्रीस्तरबाट मिति २०८२/१२/१३ गते निर्णय भएकाले सोहीअनुसार गर्नु गराउनुहुन सम्बन्धित सबैमा यो निर्देशन गरिएको छ। साथै, यस्ता कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गरी सञ्चालन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरिन्छ।' विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना प्रक्रिया प्रारम्भ हुनुभन्दा अगाडि भर्नालाई लक्षित गरी विभिन्न संस्थाहरूले प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिज कोर्सका नामका कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

# कालीगण्डकीमा 'र्‍याफ्टिङ' सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १५ चैत

पोखराका पर्यटन व्यवसायीहरूले आन्तरिक पर्यटकलाई लक्षित गरी कालीगण्डकी नदीमा 'र्‍याफ्टिङ' सुरु गरेका छन् ।

पर्यटन राजधानी पोखरा घुम्न आउने पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले पर्वतको जलजला गाउँपालिकाको फर्सेदेखि कुश्मा नगरपालिकाको नयाँपुलसम्म कालीगण्डकीमा 'र्‍याफ्टिङ' सुरु गरेका हुन् । पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिको आयोजनामा पर्यटन व्यवसायी, जनप्रतिनिधि, महानगरपालिकाका प्रतिनिधि, उद्योगी, व्यवसायी र सञ्चारकर्मीको टोलीले फर्से-नयाँपुल खण्डमा र्‍याफ्टिङको शुभारम्भ गरे । र्‍यापिड रनर कम्पनीको व्यवस्थापनमा भएको र्‍याफ्टिङमा ३८ जनाको सहभागिता रहको पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले बताउनुभयो । "पोखरादेखि



सवारीमा दुई घण्टामा पुग्न सकिने फर्से-नयाँपुल खण्डमा र्‍याफ्टिङ गर्न आउने पर्यटकहरू कुश्मा, बागलुङ, बेनी, गलेश्वर पनि घुम्न पाउँछन्, प्रकृति, संस्कृति र साहसिक पर्यटन मन पराउनेका लागि यो उपयुक्त गन्तव्य हुनसक्छ", उहाँले भन्नुभयो ।

फर्सेदेखि नयाँपुलसम्म करिब १० किलोमिटर दूरीमा र्‍याफ्टिङ गर्न एक घण्टा ३० मिनेट लाग्छ । पोखरा भ्रमण वर्षलाई लक्षित गरेर यसअघि समितिले मर्स्याङ्दी र सेती नदीमा पनि र्‍याफ्टिङको प्रवर्द्धन गरेको थियो । एकपटकमा एउटा बोटमा आठ जनाले र्‍याफ्टिङ गर्न सक्ने र्‍यापिड रनरका सञ्चालक वीरेन्द्र लामाले बताउनुभयो ।

विदेशी पर्यटकका लागि नयाँपुलदेखि गुल्मीको रिडीसम्म तीन दिनको र्‍याफ्टिङ प्याकेज उपलब्ध गराइएको छ । कात्तिक र चैत महिना र्‍याफ्टिङका लागि अनुकूल याम मानिन्छ ।

कालीगण्डकी नदीको जलयात्राका साथै पहाडी भूगोल र तटीय क्षेत्रका बस्तीको अवलोकन गर्न पाउँदा रोमाञ्चक महसुस भएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले बताउनुभयो ।

# प्रधानमन्त्री कप क्रिकेट: गण्डकी प्रदेश विजयी

रासस
काठमाडौं, १५ चैत

गण्डकी प्रदेशले एपिएफ क्लबलाई पराजित गर्दै प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा जित हासिल गरेको छ । काठमाडौँको तल्लो मुलपानी मैदानमा आइतबार भएको खेलमा गण्डकी प्रदेशले एपिएफलाई ४३ रनले पराजित गरेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको गण्डकी प्रदेशले २१ ओभरमा ७ विकेट गुमाउँदै १५० रन बनायो । उसका लागि गौरव विकले ३७, अर्जुन कुमालले २५, दीपक डुम्रेले ३४ तथा कप्तान विपिन खत्रीले अविजित २० रन जोडे ।

बलिङतर्फ एपिएफका लागि अभिनाश बोहराले ३ विकेट लिए । एक सय ५१ रनको विजयी लक्ष्य पछ्याएको एपिएफ क्लबले १८ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर १०७ रन मात्र बनायो । एपिएफका लागि लोकश बम र आसिफ शेखले १४/१४ रन बनाए । कप्तान रोहितकुमार पौडेलले ३ रन मात्र बनाए । सुमित महर्जनले २२ तथा कमलसिंह ऐरीले १७ रन बनाए । बलिङतर्फ गण्डकीका अपराजित पौडेल र सिब्रिन श्रेष्ठले ३/३ विकेट लिए । त्यस्तै सुभाष भण्डारीले २ विकेट लिए ।

# एआईले विकास र नवप्रवर्तनको नयाँ युग सुरु गर्दैछ: डा दाहाल

रासस
काठमाडौं, १५ चैत

सूचना प्रविधिको विकाससँगै पछिल्लो समय कृत्रिम बुद्धिमत्ता (एआई) को प्रभाव विश्वव्यापी रूपमा विस्तार भइरहेको छ । एआईको बहुआयामिक प्रयोगबाट वैश्विक रूपान्तरणको युग सुरु भइसकेको जानकारहरू बताउँछन् ।

एआईको विस्तारसँगै यसको उपयोग र प्रभावबारे चासो बढिरहेका बेला सूचना प्रविधि र एआईको क्षेत्रमा अनुसन्धान र नवप्रवर्तनमा काम गर्दै आउनुभएका वैज्ञानिक डा परशुराम दाहालले एआईले विकास र नवप्रवर्तनको नयाँ युग सुरुआत गरिरहेको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस)को पाक्षिक शृङ्खला 'रासस संवाद'मा उहाँले एआईलाई मानिसजस्तै सोच्न, सिक्न र निर्णय गर्न सक्ने कम्प्युटर प्रणालीका रूपमा व्याख्या गर्दै यसले स्वास्थ्य, शिक्षा, कृषि र व्यवसायलगायत दैनिक जीवन सहज बनाइरहेको उल्लेख गर्नुभयो । दाहालका अनुसार विश्वमा एआईको विकास स्वचालन, डेटा विश्लेषण र निर्णय प्रक्रियालाई अझ प्रभावकारी बनाउने दिशातर्फ उन्मुख छ । दीर्घकालमा यसले उत्पादन बढाउनुका साथै नयाँ अवसर सिर्जना गर्ने डा दाहालको विश्वास छ । "एआईले केही परम्परागत रोजगारी घटाउन सक्छ, तर नयाँ सीप र प्रविधिमा आधारित अवसरहरू पनि उत्तिकै सिर्जना हुन्छन्", उहाँले भन्नुभयो, "भविष्यमा एआई अत्यन्त उपयोगी हुनसक्ने अवस्था बन्दैछ । उत्पादन, कृषिको आधुनिकीकरण, स्वास्थ्य सेवा सुधार, विपद् व्यवस्थापन, शिक्षालगायतको क्षेत्रमा यसको प्रयोगको सम्भावना धेरै छ ।" डा दाहालले एआईका लागि डेटा सबैभन्दा आधारभूत स्रोत भएको बताउनुभयो । उहाँले नेपालमा गुणस्तरीय, विश्वसनीय र व्यवस्थित डेटाको अभाव ठूलो चुनौतीका रूपमा रहेको औंल्याउनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १७ स्थित ओम एकेडेमी बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : ओम एकेडेमी बाटो निर्माण**
**उपभोक्ता समितिको नाम : ओम एकेडेमी बाटो निर्माण समिति, पोखरा-१७, कास्की**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/०८/१०**
**योजना सुरु मिति : २०८२/०८/११**
**योजना सम्पन्न हुने मिति : २०८२/१०/१५**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**उपभोक्ताबाट : रु. ५५,९४०/९४**
**योजनाको कुल लागत : रु. ५,५५,९४०/९४**

**दल बहादुर गुरुङ**
अध्यक्ष
**ओम एकेडेमी बाटो निर्माण समिति,**
**पोखरा-१७, कास्की**



## संस्थाको नाउँमा रहेको गैह्रबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको ७ दिने सार्वजनिक सूचना ।

**चौथो प्रकाशित मितिः २०८२/१२/१६ गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखीत शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा १३ कुँडहर स्थित कार्यालयमा उपस्थीत हुन समेत ईच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । बिक्री गरिने अचल सम्पत्तिको विस्तृत विवरण तपसील बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं. | जग्गाधनिको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १७५ | १४५.४० वर्ग मी. | पोखरा-०९, कास्की | मिति २०७९/०३/३१ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र दस्तुर रु १,०००/-(फिर्ता नहुने) बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१०. बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१२. थप जानकारीका लागि मोवाईल नम्बर ९८५६०३४६६५ र ९८५६०२११२६ मा सम्पर्क गर्न आग्रह गरिन्छ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८२/१२/२२ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः बिहान १०:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म | मितिः २०८२/१२/२३ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः १:३० बजे दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७**
Email : ccsccltd@gmail .com


# सभापति लामिछानेको मुद्दा पूर्ण सुनुवाइ हुने

रासस
काठमाडौं, १५ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिट निवेदनमा पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ ।

न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले आइतबार पूर्ण इजलासमा सुनुवाइ हुने आदेश दिनुभएको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । मङ्गलबारदेखि सुनुवाइ सुरु भए पनि नसकिएपछि हेरदिहेँमा आजका लागि राखिएको थियो । न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण तथा सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो । साथै, आजका लागि पेसी तय भएको थियो ।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो । महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, वडा भित्रका विभिन्न सडक तथा अन्य निर्मित पूर्वाधार निर्माण मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा भित्रका विभिन्न सडक तथा अन्य निर्मित पूर्वाधार निर्माण मर्मत ठेगानाः पोखरा-१५ भक्तिनी मार्ग
योजना सम्झौता मिति : २०८२/१०/०४ गते
योजना सुरु मितिः २०८२/१०/०५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/०४ गते
योजनाको कुल लागतः रु. ७,२२,२२२।-
महानगरपालिकाबाटः रु. ६,५०,०००।-
जनसहभागिताबाटः रु. ७२,२२२।-
उपभोक्ता समिति अध्यक्षः दिनानाथ सापकोटा
सम्पर्क नं.: ९८४६०४५२९४
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**वडा भित्रका विभिन्न सडक तथा अन्य निर्मित पूर्वाधार निर्माण मर्मत उपभोक्ता समिति पोखरा-१५**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, माटेपानी गैरागाउँ लेवाड सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः माटेपानी गैरागाउँ लेवाड सडक स्तरोन्नति
ठेगानाः पोखरा-३३
योजना सम्झौता मिति : २०८२/०८/२५ गते
योजना सुरु मितिः २०८२/०८/२८ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२८ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/१० गते
योजनाको कुल लागतः रु. ८,९७,६२५.८२
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ९७,६२५.८२
उपभोक्ता समिति अध्यक्षः श्रीकृष्ण आचार्य
सम्पर्क नं.: ९८५६०८७०११
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**माटेपानी गैरागाउँ लेवाड सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ।
– अज्ञात

## सम्पादकीय

# पत्रकार महासंघको भूमिका कमजोर नहोस्

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार महासंघ सत्तरी वर्ष पार गरेको छ। विसं २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएको छ । केहीले २००८ सालमा नेपाल पत्रकार संघ गठन भएको जिकिर गरेका छन । नेपाली पत्रकार महासंघले २०१२ साल चैत्र १६ गतेलाई स्थापना दिवस मान्न थालेको छ । नेपालमा नागरिक अधिकारका लागि पत्रकारले संगठित तरिकाले आवाज उठाएको सात दशक पार गरेर एकहत्तर वर्ष लाग्दा पनि आधुनिक युगमा पनि नागरिक अधिकार र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाउनु परेको छ। साशक विरुद्ध बोल्न नपाउने, मुख थुन्ने र जेल पठाउने काम रोकिएको छैन । राजतन्त्रमा पत्रकारका लागि कठिन थियो । अहिले पनि स्वतन्त्र प्रेसमाथि साइबर आक्रमण हुने गरेको छ।

स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ। पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुद्दा र पत्रकारको हकहितका मुद्दा सरकारमा को छ भनेर विर्सन मिल्दैन । नागरिकको अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति लड्नुपर्नेमा सत्ता र साशकका गलत क्रियाकलापको विरोध गर्नेको विरुद्ध देखिने गरेको छ। अहिले पत्रकारिता कस्तो अवस्थामा छ, चुनौतीको सामना कसरी गर्ने बारेमा चर्चा कम हुने गरेको छ । पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ । नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ।

राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो । लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे । पछिल्लो जेनजीआन्दोलन नवयुवाले गरे।नागरिकले साथ दिए।अभिव्यक्ति स्वतन्त्रता भएको सामाजिक संजालमा लगाइएको बन्देजका कारण व्यापक जनसमर्थन आन्दोलनमा भयो । सत्ता पलट भयो ।त्यसैको बलमा भएको चुनावले युवालाई सत्ताको नेतृत्वमा पुऱ्याएको छ।झण्डै दुई तिहाइ बहुमतको सरकार बनेको छ। यसको लागि पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले प्रशंसा गर्ने गर्दछन।राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन । मौसमी बन्ने गरेका छन। नेपाली उखान खोलो तऱ्यो लौरो बिर्स्यो भने झैं पत्रकारका समस्या बिर्सने गरेका छन् । मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन् । मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन । पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन् । जब जब समस्या आउँछ तब पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम हुने गरेको छ । दुखको बेला साहस र राहत दिनुपर्नेमा आहात पार्ने काम हुने गरेको छ । जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न नसक्ने रमिते बनेको छ । राजनीतिक दल पनि थाहै नपाएको जस्तो नाटक गर्ने गर्दछन ।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोऱ्याउनु परेको छ । सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ । तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार तलका सरकारले गर्न थालेका छन् । आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ । पत्रकारलाई राज्यले संबोधन गर्ला आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ । नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ । पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार बन्नु आजको आवश्यकता हो । दल निकट पत्रकारका संगठनबारे प्रश्न उठेको छात्यो ठाउँ ती संगठनले दिएका हुन।नागरिकको अधिकार सुरक्षित गर्ने, भयरहित वातावरण बनाउन सधैं खबरदारी गर्नुपर्छ । स्थापना दिवसको अवसरमा ऐतिहासिक परंपरा,अहिलेको जिम्मेवारी र नेपाली जनताले सधैं सम्झने नागरिक संस्था बनाउन सबैले सहयोग गर्नुपर्ने आजको आवश्यकता हो । ७१ औं स्थापना दिवसको शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ स्थित मनकामना टोलमा सडक ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।
योजनाको नाम : मनकामना नमुना बाटो ढलान
उपभोक्ता समितिको नाम : मनकामना नमुना बाटो ढलान निर्माण समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ५
योजना सम्झौता मिति : २०८२/१०/०७
योजना सुरु मिति : २०८२/१०/०८
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. २,५०,०००/-
उपभोक्ताबाट : रु. २७,८०६/५२
योजनाको कुल लागत : रु. २,७७,८०६/५२

**श्याम बहादुर थापा**
अध्यक्ष
**मनकामना नमुना बाटो ढलान निर्माण समिति**
पोखरा-१७, कास्की



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ मनकामना टोल स्ट्रीट नं. ८ बाटो ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।
योजनाको नाम : मनकामना टोल स्ट्रीट नं. ८ बाटो ढलान
उपभोक्ता समितिको नाम: मनकामना टोल स्ट्रीट नं. ८ बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
योजना सम्झौता मिति : २०८२/१०/०६ गते
योजना सुरु मिति : २०८२/१०/०७ गते
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५ गते
उपभोक्ता समिति संख्या : ८ जना
महिला संख्या : ४ जना
महानगरपालिका बाट प्राप्त : रु. ३,५०,०००/-
उपभोक्ता बाट प्राप्त : रु. ४,११,७३६/६८
जम्मा लागत : ७,६१,७३६/६८

**रविन्द्र थापा**
**अध्यक्ष**
**मनकामना टोल स्ट्रीट नं. ८ बाटो ढलान उपभोक्ता समिति,**
**पोखरा-१४, कास्की**


# 'बेटिङ एप' र 'वेबसाइट' बन्द

**रासस**
काठमाडौं, १५ चैत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'अनलाइन' सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी 'वेबसाइट' बन्द गराएको छ।

मन्त्रालयले बेटिङ एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्न नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि प्राधिकरणले इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा हाल पहिचान भएका सबै सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको हो।

सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले आइतबार मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरूसँगको बैठकमा बेटिङ एप र त्यससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिएलगत्तै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु गरेको थियो । मन्त्रीको निर्देशनलगत्तै मन्त्रालयले बेटिङ बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा बेटिङ एप र वेबसाइट बन्द गरिएको हो। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो। त्यसलगत्तै सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्काल 'एक्सन' लिनुभएको थियो। मन्त्रिपरिषद् बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं ४२ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ। सोही बमोजिम मन्त्रालयले आजको मन्त्रिस्तरकोनिर्णयअनुसारप्राधिकरणलाई इन्टरनेटसेवा प्रदायकसँगको समन्वयमा कुनै पनि विद्युतीय माध्यमबाट हुने सट्टेबाजीलगायतका एप तथा वेबसाइट तत्काल बन्द गर्न निर्देशन दिएको थियो।

# स्वास्थ्य शिविरमा चार सय जनाको नि:शुल्क उपचार

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत


फलेवास देवीस्थानस्थित जनता माध्यमिक विद्यालयमा आयोजना गरिएको स्वास्थ्य शिविरमा करिब ४०० जना बिरामीले परीक्षण गराएका छन् ।

शिविरमा मुटुरोग विशेषज्ञद्वारा मुटुसम्बन्धी विस्तृत परीक्षण, मधुमेह तथा रक्तचाप परीक्षण, सामान्य रोगको परीक्षण तथा परामर्श तथा कार्डियो डाइबेटिकसम्बन्धी विशेषज्ञ परामर्श दिइएको थियो ।

चालीस जना चिकित्सकको टोलीले बिरामीको स्वास्थ्य परीक्षण गरेका थिए। ग्लोबल समाज पर्वतका महासचिव कमल लामिछानेले भन्नुभयो, "हामी विदेशमा रहे पनि हाम्रो भावना सदैव हाम्रो जन्मभूमिप्रति नै केन्द्रित छ । हामी जहाँ रहे पनि यहाँ रहनुभएका हाम्रा बुवाआमा तथा दाजुभाइ दिदीबहिनीका खातिर केही न केही योगदान गर्दै आइरहेका छौं।" विगतमा भूकम्प, कोभिड-१९, शिक्षा, स्वास्थ्यलगायतमा ठूलो आर्थिक तथा भौतिक सहयोग गर्दै आइरहेको समाजले हाल मात्रै प्रदेश अस्पताल पर्वतमा करिब रु ४० लाखको लागत बराबरको काम पूरा गरेको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
वि. स. २०१०/१२/३० गते

स्वर्गारोहण:
वि.स. २०८२/१२/४ गते

**स्व: जुक्तमान श्रेष्ठ**


हाम्रा आदरणीय गुरु तथा काका **जुक्तमान श्रेष्ठ**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रो. बद्रीनारायण श्रेष्ठ**
**एवम्**
**भद्रकाली ग्रील उद्योग परिवार**
**पोखरा-१३, भद्रकाली चोक**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि. स. २०१०/१२/३० गते

स्वर्गारोहण:
वि.स. २०८२/१२/४ गते

**स्व: जुक्तमान श्रेष्ठ**

हाम्रा प्रात स्मरणीय पति / बाबा **जुक्तमान श्रेष्ठ** को ७२ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**श्रीमती: मेनका/ इन्दिरा श्रेष्ठ**
**छोरा: पवन श्रेष्ठ**
**बुहारीहरू: सिता/ रञ्जना श्रेष्ठ**
**छोरी/ज्वाँइहरू: सुनयना/आकाश नेवाङ्ग**
**मुना/सूर्यबहादुर थापा**
**प्राप्ती/ संजय श्रेष्ठ**

**पूनश्च:** मिति २०८२ चैत १६ गते सोमबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं ।
**समय:** बिहान १०:३० बजेदेखि **स्थान:** पोखरा-१३/१४, वि.पि. मार्ग, (पितृमोक्ष किरिया कर्म स्थल)

# बेटिङ एप र वेबसाइट बन्द गर्न प्राधिकरणलाई निर्देशन

रासस
काठमाडौं, १४ चैत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सट्टेबाजी एप 'बेटिङ एप' २४ घण्टाभित्र बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ।

सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको अध्यक्षतामा आज मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसँगको बैठकमा मन्त्री तिमिल्सिनाले बेटिङ एप र त्ससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिनुभएको हो। यो निर्देशनसँगै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु भएको छ। बेटिङ बन्दका लागि ' अपरेटर्स'हरुलाई निर्देशन दिएर बन्द कार्य सुरु भइसकेको प्राधिकरणका सहायक प्रवक्ता डा प्रदीप पौड्यालले जानकारी दिनुभयो। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो। त्यसलगत्तै सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै 'एक्सन' लिनुभएको छ।

मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमार्फत सरकारले देशभित्र सञ्चालित सबै सट्टेबाजी एप र वेबसाइटलाई २४ घण्टाभित्रै पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो।

अवैध आर्थिक कारोबार र पुँजी पलायनलाई रोक्ने उद्देश्यले सरकारले यस्तो निर्णय गरेको जनाइएको छ।

कार्यसूचीको ४२ नम्बर बुँदामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्न निर्देशन दिइएको छ। बैठकमा सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालयले जनतालाई तत्कालै प्रदान गर्न सकिने सेवाबारे कार्ययोजना पेस गर्न महाशाखा प्रमुखलाई निर्देशन दिनुभयो। उहाँले उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गर्दै सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आग्रह गर्नुभयो।


सञ्चारमन्त्री डा तिमिल्सिनाले 'डिजिटल शासन र डेटा गभर्नेन्स'मा फोकस भएर समन्वयात्मक पद्दतिबाट जनताले प्रत्यक्ष लाभ पाउनेगरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्रालयले गर्ने कामको दैनिक रिपोर्टिङ र समीक्षा गर्ने तथा मासिक रुपमा मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयलाई रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिने उहाँको भनाइ छ।

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः** वि. स. २०१०/१२/३० गते

**स्वर्गारोहणः** वि.स. २०८२/१२/४ गते

**स्वः जुक्तमान श्रेष्ठ**


यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर, पोखरा १२/१३ का पदेन सम्मानित सदस्य परिवार कुँडहर बजार पोखरा-१३, निवासी कालु चौधरी परिवारका वरिष्ठ सदस्यभाइ एवम् यसै मन्दिर सेवा समितिका अध्यक्ष श्री योगेन्द्र मान श्रेष्ठज्यूका आदरणीय राईला दाजु साथै सल्लाहकार सदस्य श्री वजिर मान श्रेष्ठज्यू र पूर्व सल्लाहकार सदस्य श्री पुलेन्द्रमान श्रेष्ठज्यूका प्रिय भाइ **जुक्तमान श्रेष्ठ**को यही मिति २०८२ चैत्र ४ गते भएको दुखद निधनप्रति हामी समिति परिवार अत्यन्तै दुखित छौं, आज १३ औं पुण्य तिथिका दिन उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै सोकसन्तप्त परिवारजन, भाइबन्धु, इष्टमित्र, सङ्घी साथीभाइ सबैमा यस दुखद् घडीमा धैर्य धारण गर्न सक्ने शक्ति भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**गम बहादुर गुरुङ**
**उपाध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः** वि. स. २०१०/१२/३० गते

**स्वर्गारोहणः** वि.स. २०८२/१२/४ गते

**स्वः जुक्तमान श्रेष्ठ**


यस भद्रकाली सिं गुठीका सदस्य **जुक्तमान श्रेष्ठ**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**नायः पुलेन्द्रमान श्रेष्ठ**
**एवम्**
**भद्रकाली सिं गुठी परिवार पोखरा**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः** वि. स. २०१०/१२/३० गते

**स्वर्गारोहणः** वि.स. २०८२/१२/४ गते

**स्वः जुक्तमान श्रेष्ठ**

हाम्रा प्रात स्मरणीय दाजु/भाइ/बाबा/हजुरबाबा **जुक्तमान श्रेष्ठ** को ७२ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**ठूलो दाजु/ भाउजूः फुलेन्द्रमान/पूर्ण कुमारी श्रेष्ठ**
**साइला दाजु/ भाउजूः लेखमान/गंगादेवी श्रेष्ठ**
**दिदी/ भिनाजुः भिरा श्रेष्ठ/चन्द्रगोपाल श्रेष्ठ**
**काइला दाजु/भाउजूः बजिरमान/मिना श्रेष्ठ**
**कान्छा भाइ/बुहारीः योगेन्द्रमान/डिलु श्रेष्ठ**
**छोरा बुहारीः उज्वलमान/गिता श्रेष्ठ**
**छोरीः सुश्री दुनिया श्रेष्ठ**


**छोरा/बुहारीः संसारमान/ विजयलक्ष्मीउलक श्रेष्ठ**
**छोरा/बुहारीः प्रज्वलमान/सजिना श्रेष्ठ**
**छोरा/बुहारीः सन्देशमान/ अनुराधा कोइराला श्रेष्ठ**
**छोरा/बुहारीः चन्दनमान/ सन्ध्याजोशी श्रेष्ठ**
**छोरा/बुहारी : आशिषमान/माया गुरुङ श्रेष्ठ**
**छोरा/बुहारीः आदर्शमान/ सविना मर्हजन श्रेष्ठ**

**नातिनातिनीहरूः सर्वज्ञ, आशिका, हृदय, अंकिता, अदिती, सिचु, सार्थक, आभान, आश्री, आभिया, अंशुमान, आभाश्री, आभिया**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः** वि. स. २०१०/१२/३० गते

**स्वर्गारोहणः** वि.स. २०८२/१२/४ गते

**स्वः जुक्तमान श्रेष्ठ**

यस यस समाजका सदस्य **जुक्तमान श्रेष्ठ**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**नायः पूर्णलाल श्रेष्ठ**
**एवम्**
**पद्मनारायण श्रेष्ठको छोरा हर्षमान**
**(चौं. कालु) कुल घो. समाज परिवार पोखरा-१३**